घरेलु मण्डली



पाष्टरीय तालीम पुस्तिका

१२

तालीम र वृद्धि

T&M ®

उद्देश्य

प्रेरितहरुको बेलादेखि नै घरेलु मण्डलीको अस्तित्व रहेका पाइन्छ । प्रिस्किला र अक्विलाको घरमा भेट हुने मण्डलीलाई पावलले अभिवादन पठाएका छन् । बढेमान मण्डली घरहरु र गतिला क्याथिड्रलहरु भएको हाम्रो जमानामा पनि, घरहरुमा भेट हुने मण्डलीहरुको ठूलो खाँचो छ । कतिपय ठाउँहरुमा बडो गजबसँग मण्डली वृद्धि भइरहेको छ जहाँ मण्डलीहरुले छोरी र नातिनी मण्डलीहरु पैदा गरिरहेका छन् ।

एक नयाँ घरेलु मण्डली त्यहाँ चाहिन्छ :

- जहाँ नयाँ मण्डलीहरु वृद्धि भइरहेका छन् अनि जहाँ अनुभवीरहित अगुवाहरुले आराधना सेवा चलाउनु अनि अरुलाई पनि सिकाउनु परेको हुन्छ ।

- जहाँ सरकारबाट सार्वजनिक आराधना सेवाहरु मनाही गरेको हुन्छ। (संसारका आधा जसो ठाउँहरुका मानिसहरु त्यस्तो परिस्थितिमा छन्। यसैकारण, मिसनेरीहरुसँग मण्डली रोपन गर्ने अनि घरेलु मण्डलीहरु विकास गर्ने अनुभव पहिल्यैबाट हुनु जरुरी छ।

- जहाँ मण्डली अति नयाँ छ अथवा सेवा घर अति सानो छ।

- जहाँ मण्डली भवन अथवा आराधना स्थान उपलब्ध छैन।

- जहाँ भवन निर्माण अति महङ्गो छ।

- जहाँ वर्तमान मण्डलीहरुले सुसमाचारको काम गरिर हेका छैनन्।

- जहाँ शुरुका मण्डलीहरुमा झैं मानिसहरुले घर-घरमा नजीकको संगतिमा आराधना गर्ने खाँचो महसूस गर्दछन्। (प्रेरित ५:४२, २०:२०, रोमी १६:५)

नयाँ घरेलु संगतिमा पनि भइपठाउने एउटा खास भूल चाहिँ ठूलो मण्डलीमा जस्तो तरिका प्रयोग गर्नु हो । ठूलो मण्डलीमा गरिने आराधना सेवाको निम्ति राम्ररी तालीम पाएका संगीतकारहरु, अनुभवी अगुवाहरु, अनि ठूलो झुण्ड मानिसहरु चाहिन्छन् । तर प्रायः जसो नयाँ र ससाना मण्डलीहरुमा यिनै कुराहरुको अभाव हुन्छन् ।

पाठ १

यदि तपाईको मण्डली सानो छ भने, ठूला मण्डलीहरुमा गरिने आराधनाको तरिकाको नकल नगर्नोस् ।

जब कोही मण्डली भवनभित्र प्रवेश गर्दछ, तब उसले जान्दछ कि यो ता आराधनाको निम्ति अर्पित भवन हो । तर व्यक्तिगत घर (घरेलु मण्डली) मा कतै नानीहरु खेलिरहेका, कुकुर भुकिरहेको, अनि भान्साघरबाट खानाको मीठो वासना पनि आइरहेको हुन्छ । यो ता आराधनाको ठाउँ पो रहेछ भनेर कसै कसैले सोंच्लान् !

पाठ २

हाम्रा प्रभुसित अर्थपूर्ण समय बिताउने कुरामा हामी निश्चित हुनको लागि हामीले विशेष कदमहरु चाल्नैपर्छ ।



यो पाष्टरीय तालीम पुस्तिकाले आशिषित आराधना अनुभव गर्ने सानो झुण्डलाई धेरै कामलाग्दा सल्लाहहरु दिनसक्छ । यसले घरेलु आराधनामा नयाँ अगुवालाई सेवा चलाउन पनि सहायता पुऱ्याउने छ ।

घरेलु मण्डलीमा आराधनाको निम्ति स्थान

कसैको व्यक्तिगत घरको कोठालाई कसरी हामीले आर
ाधनाको निम्ति परिवर्तन गर्न सक्छौं ?

अर्थपूर्ण आराधना सेवा गर्नको निम्ति त्यो कोठा कस्तो देखिनुपर्छ त्यसको निम्ति कुनै खास नियम छैन । यो ता स्थानीय संस्कृतिमा भर पर्छ । कति जना अर्धगोल आकारमा बस्छन् । कति चाहिँ सरल पारामा, अनि कति चाहिँ चलनचल्ती अनुसार बस्न मन पराउँछन् ।



यदि कुनै खास तरिका नभएमा, तल दिइएको तरिका अप्नाउन सकिन्छ:

- कुनै पनि बाधा नआउने शान्त कोठा छान्नोस् ।
- चौकीहरु गोलाकारमा राख्नोस् । (अथवा भुइँमा पनि बस्न सकिन्छ)
- बीचमा प्रभुभोजको निम्ति एक टेबल, अनि सेतो लुगाले छोपेर रोटी र दाखरस राख्नोस् ।
- आराधना सेवा चलिरहेको छ भनेर जनाउन कतिले विशेष चिन्ह, क्रूस अथवा लिखित सूचना शुरु हुनुभन्दा अघि नै राखिदिन उपयोगी ठान्छन् ।

तपाईको झुण्ड भेला हुनको निम्ति सर्वोत्तम ठाउँ कुन हो ?

कसरी कोठा तयार पार्नुहुन्छ, संक्षिप्तमा बयान गर्नोस् ।

घरेलु मण्डलीमा आराधना गर्दा हुने आठ लक्षणहरु

सरल सेरोफेरो र सानो झुण्ड त हो नी भन्दै तयारी नै नगरेर फितलो आराधना सेवा गर्नु भएन । बरु, त्यो वातावरणले मानिसहरुको ध्यानलाई बिगार्ला भनेर, घरेलु सेवाको अगुवाले राम्ररी तयारी गर्नु आवश्यक छ, ताकि उपस्थित हुनेहरु सबैले एकाअर्कासँग अनि पर मेश्वर सँग अर्थपूर्ण समय व्यतीत गरुन् ।

नानीहरु र जवानहरुलाई भाग लिन उत्साहित पार्नोस् । उनीहरुको दृष्टिकोणमा भएको अल्छी लाग्दो सेवाले उनीहरुलाई मण्डलीबाट टाडो पार्नसक्छ ।

तपाईको झुण्डलाई सुहाउँदिलो हुने गरी तल दिइएका आराधना सम्बन्धी आठवटा कुराहरु प्रयोग गर्नोस् । ती आराधनाका 'क्रम' त होइन, तर साधारणतया संलग्न गरिनुपर्ने कुराहरु हुन् (हामी यही अध्ययनमा सेवाको रीति पनि संलग्न गरिदिनेछौं) ।

सेवामा हुनु पर्ने लक्षणहरु हुन्:

- निश्चित शुरुआत र अन्त होस् ।
- पापको पश्चाताप र क्षमादानको निश्चयता (साधार णतया प्रभुभोज मनाउनुभन्दा अघि यो काम गरिन्छ)
- प्रशंसा
- साक्षीहरु
- प्रार्थना
- भेटी संकलन
- परमेश्वरको वचन अध्ययन र प्रयोग
- प्रभुभोज सम्पन्न गरियोस् (साप्ताहिक नभए पनि, समय मिलाएर निरन्तर)

नोटः चेलापन र संगतिको निम्ति पनि योजना बनाउने समय राखिनु अति मुख्य छ ।

निश्चित शुरुआत र अन्त भएको होस्

वरपरकाहरु अनौपचारिक भएको हुनाले, कुनै घरेलु मण्डलीमा झुण्ड आराधनाको शुरु र अन्त निश्चित समयमा हुनु अति मुख्य छ ।

शुरुआतको उदाहरण : प्रारम्भ

- सबै उठ्छन् ।

- अगुवाले भजनबाटका पदहरु (अथवा परमेश्वरतिर ध्यान खिँच्ने अरु कुनै पद्यांश) पढेर मानिसहरुलाई परमेश्वरको आराधनाको निम्ति आव्हान गर्दछ ।

- अगुवा अथवा उसले अह्राएको अर्को कुनै व्यक्तिले परमेश्वरको उपस्थिति थाह गर्नलाई प्रार्थना गर्दछ, अनि मानिसहरुलाई हबक्कूक (२:२०) को आत्मामा उहाँको उपस्थिति थाहा गराउँदछ, "परमप्रभु त आफ्नो मन्दिरमा हुनुहुन्छ । सारा पृथ्वी उहाँको सामुन्ने चुपचाप रहोस् ।"

यो शुरुआत छोटो भए पनि गम्भीरतासँग आराधना गर्नको निम्ति परमेश्वरतर्फ ध्यान खिँच्ने प्रकारको छ। हामी सबै एक झुण्ड भएर परमेश्वरको पवित्र उपस्थितिमा प्रवेश गर्दैछौं ताकि हामी सबै प्रकारका आकर्षणहरुबाट स्वतन्त्र बनौं अनि हाम्रा विचारहरु प्रभुमा लगाऔं।

अन्त्याउनुको एक उदाहरण : समाप्त

- सबै उभिन्छन्।
- आनन्दमय भजन गाउनोस्।
- अगुवाले छोटो प्रार्थना गरेर झुण्डको निम्ति परमेश्वरको आशिष माग्दछ।
- सबैले एकाअर्कालाई अभिवादन गर्छन् अनि संगतिको मीठो समय बिताउँदछन्।
- भित्तामा प्रयोग भएको भए संगतिको ब्यानर निकाल्नोस्।

आराधना सेवा शुरु गर्नको निम्ति केही पदहरुः

उत्पत्ति २८:१६,१७
भजन २७:४
भजन ४३:३,४
भजन १००: १,२
भजन ११८:२४
भजन १३६:१
भजन १५०:१,२
विलाप ३:२५,२६
हबक्कूक २:२०
प्रकाश ३:२०
प्रकाश १५:४
व्यवस्था ६:४-५
भजन २८:६,७
भजन ६६:१,२
भजन ११५:१
भजन १२२:१
भजन १४७:१,२
यशैया ६:३
विलाप ३:४०,४१
मत्ती ११:२८
प्रकाश ४:११

विशेष अवसरहरुको निम्ति केही शुरु गरिने पदहरु

आगमन (खीष्टमसभन्दा ४ साता अघि)

यशैया ९:६
यशैया ४०:३,४
यशैया ५२:७,८
जकरिया २:१०
यशैया ४०:१,२
यशैया ४०:५
यशैया ६०:१,२
लूका २:१०,११

प्रायश्चित (ईस्टरभन्दा अघिका ४६ दिनहरु)

भजन १६:१०,११ जकरिया १२:१०

लूका २४:४५, ४६ एफिसी २:६,७

हिब्रू ४:१४ हिब्रू ४:१५, १६

हिब्रू १०:१९-२२

खजुर आइतबार (ईस्टरभन्दा अघिल्लो आइतबार)

जकरिया ९:९

भजन २४:७

भजन ११८:२६

असल शुक्रबार

यशैया ५३:५

यशैया ५३:६

यशैया ५३:७

पुनरुत्थान आइतबार (ईस्टर)

मत्ती २८:५,६ प्रेरित १३:३२,३३

१ कोरन्थी १५:२० १ पत्रुस १:३

पेन्तिकोस (ईस्टरपछिको सातौं आइतबार)

योएल २:२८,२९

यूहन्ना ४:१३-१५

यूहन्ना ४:२३,२४

त्रिएक आइतबार (पेन्तिकोसपछिको आइतबार)

मत्ती २८:१८-२०

प्रकाश ४:८

रोमी ८:१५,१६

बाइबल आइतबार (सितम्बरमा अन्तिम आइतबार)

भजन ११९:९,१०

भजन ११९:११,१२

भजन ११९:१८

भजन ११९:१०५

समाप्ति (आशिष):

गन्ती ६:२३-२६

रोमी १५:३३

रोमी १६:२०

२ कोरन्थी १३:१४

१ तिमोथी १:२

हिब्रू १३:२०,२१

पाप स्वीकार र क्षमादानको निश्चयता

सम्पूर्ण अनन्तसम्मकै लागि बचाइएको भए पनि इसाईहरुले पनि पाप गर्छन् अनि उनीहरुले त्यो धमिल्याएको संगति पुनर्स्थापित गर्न अनि प्रभुभोजमा भाग लिनको निम्ति तयारी स्वरुप १ यूहन्ना १:८-१० मा परमेश्वरले गर्नुभएको आज्ञा अनुसार पाप स्वीकार गर्नुपर्छ ।

हाम्रा पापहरु स्वीकार गर्ने तरिकाका उदाहरणहरु:

- पाप स्वीकारका शान्त प्रार्थना । ऐतिहासिक रुपमा हेर्ने हो भने, प्राय पाष्टरहरुले आफ्ना मानिसहरुलाई उनीहरुको गलत काम जसले अरुहरु र परमेश्वरलाई चोट पुऱ्याएको छ त्यो सार्वजनिक रुपमा मानिलिन लाउँछन् । अनि, उनीहरुले गर्नुपर्ने कामहरु नगरिकन त्यसै छोडिदिने पनि गर्छन् ।

- पाप स्वीकारको निम्ति धर्मशास्त्र पठन ।
  (जस्तै भजन ५१, १ यूहन्ना १:५ देखि १ यूहन्ना २:२, अथवा यशैया ५३:४-११)

- परमेश्वरको अनुग्रहलाई जोड दिने पाप स्वीकार र क्षमादानको निश्चयताका भजनहरु ।

- अगुवाद्वारा सार्वजनिक रुपमा प्रार्थना गरिदिने, जस्तैः

  सर्वशक्तिमान परमेश्वर, हाम्रा स्वर्गवासी पिता, हामीले विचार र काममा, भला होइन तर दुष्टता मात्र गरेका छौं, अन्जानमा, कमजोरीमा, अथवा जानाजानी तपाई र हाम्रा छिमेकीको विरुद्ध पाप गरेका छौं । हामी साँच्ची दुःखी छौं, र हाम्रा सबै पापहरुको पश्चाताप गर्दछौं । तपाईको पुत्र येशू खीष्टको खातिर जो हाम्रो निम्ति मर्नुभयो अनि हाम्रा विगत दिनहरुका पाप क्षमा गर्नुभयो, हामीले जीवनको नयाँपनमा तपाईलाई सेवा पुऱ्याउन सकौं अनि तपाईकै महिमित नाउँमा । आमेन् ।

पाप स्वीकार बिनाको आराधना अधूरो हुन्छ । कति पाष्टरहरु जो संसारदेखि अलग छन्, उनीहरुको भेडाहरु चाहिँ संसारका अधर्मी मानिसहरुसँग रहन परेको कारण उनीहरु कतिपय परीक्षा र असफलताहरुमा फँस्न सक्छन् भन्ने रहस्य बुझ्न असमर्थ बन्दछन् । विशेष गरी नयाँ मण्डलीहरुमा, धेरै

जनाले विवेकको कष्ट नराम्रो गरी महसूस गर्दछन् । उनीहरुले आफ्ना असफलताहरु मानिलिनु पर्दछ अनि पर मेश्वरको अनुग्रह र क्षमादानमा हुनसक्ने निश्चयताको प्रेमिलो शब्दहरु सुन्नुपर्दछ ।

पश्चातापीलाई उनीहरुको क्षमादानको निम्ति निश्चित पार्नोस्:

- परमेश्वरको क्षमादानबारे भजन गाउने, अथवा
- उहाँको कृपाको निम्ति प्रार्थनामा परमेश्वरलाई धन्यवाद दिनु, अथवा
- धर्मशास्त्र पढ्नु । जस्तै:

यशैया १:१८
यशैया ६:६,७
एफिसी १:३-१४
एफिसी ४:३२
हिब्रू ९:१२-१४
प्रेरित १३:३८,३९
एफिसी ४:३२
हिब्रू ६:१२

स्वतन्त्र भएर परमेश्वरको प्रशंसा गर्न सबैलाई सहायता गर्नोस्

यस्तो प्रशंसाको बेला हामीले आफैलाई, हाम्रा खाँचोहरुलाई, अनि हाम्रा वरिपरिका मानिसहरुलाई भुल्नु पर्छ। उहाँ को हुनुहुन्छ अनि हाम्रो निम्ति के गर्नुभयो, यसैको आधारमा परमेश्वरलाई प्रशंसा गर्दै हामी उहाँलाई मात्र सम्झनेछौं। पवित्र आत्माको अगुवाइमा खुला रहनोस्, अनि हरेक कुरो "शिष्टतापूर्वक र सुव्यवस्थित" भएको होस्
(१ कोरन्थी १४:४०)।

आराधना गीतहरुको निम्ति अधिक सहयोगको निम्ति हेर्नोस् पाष्टरीय तालीम पुस्तिका ३१ "परमप्रभुको निम्ति गाओ"

गवाहीहरु

झुण्डमा आराधनाको एक मुख्य भाग हो परमेश्वरमा भएको हाम्रो विश्वास घोषणा गर्नु अनि उहाँले हाम्रो माझमा गर्नुभएका कामहरुको बयान गर्नु। यसलाई हामीले विभिन्न रुपमा गर्नसक्छौं:

- हाम्रो विश्वासलाई घोषणा गर्ने खालको भजन गाएर,

- गत साताभरि परमेश्वरले उनीहरुको जीवनमा के गर्नुभयो त्यो बताउन झुण्डका सदस्यहरुलाई निम्त्याएर,

- सबै मिली मण्डलीको विश्वासको सार भनेर, जस्तैः

ीव्श्वसको सार

म विश्वास गर्दछु, एक ईश्वर सर्वशक्तिमान पिता, स्वर्ग र पृथ्वी सृजनेमाथि । अनि उहाँको एकले पुत्र हाम्रा प्रभु येशू ख्रीष्टमाथि । उहाँ पवित्र आत्माका शक्तिले देहधारी हुनुभयो । कन्ये मरियमदेखि जन्मनुभयो । पन्तियस पिलातुसको अधिकारमा दुःख भोग्नुभयो । क्रूसमा टाँगिनुभयो । मारि नुभयो अनि गाडिनुभयो । आत्मालोकमा उत्रनुभयो । तेस्रो दिनमा मरेकाहरुबाट बिउँतनुभयो । स्वर्गमा चढिजानुभयो । सर्वशक्तिमान ईश्वर पिताको दाहिने हातपट्टि बस्नु भएको छ । जहाँदेखि उहाँ जीउँदो र मरेकाहरुको न्याय गर्नलाई आउनुहुनेछ । म विश्वास गर्दछु, पवित्र आत्मामाथि, पवित्र विश्व मण्डलीमाथि, पवित्रहरुको संगतिमाथि, पाप मोचनमाथि, शरीरको पुनरुत्थानमाथि र अजम्मरी जीवनमाथि । आमेन ।

प्रार्थना

आराधना सेवामा हामीले गर्नपर्ने अधिक कुरो चाहिँ प्रार्थना हो, चाहे बोलेर गरौं, सोचेर गरौं अथवा गाएर । प्रार्थनाद्वारा नै शुरु गरिने, प्रशंसा गरिने, पाप स्वीकार गरिने, प्रभुभोजमा सामेल हुने अनि अन्त्याउने काम गरिन्छ ।

अन्तर्बिन्तीको निम्ति पनि समय छुट्याइनु पर्दछ जुन बेला हामी एकाअर्काको निम्ति अनि परमेश्वरको कामको निम्ति प्रार्थना गर्दछौं । सानो झुण्डमा त सबैलाई, नानीहरुलाई पनि, प्रार्थना गर्न सहयोग गरौं । कति जना त चुपचाप रहेर प्रार्थना गर्न मन गर्लान् । उनीहरुलाई त्यसै गर्न दिनोस् ।

ससाना झुण्डहरु बनाउनोस्, उपस्थित भएको हरेको निम्ति प्रार्थना भएको होस् । प्रार्थनाका विषयहरु बटुल्न साह्रै लामो समय नलाउनोस् । लामो दबैपानीको प्रतिवेदन अथवा उजुरीको सेसन हुन थाल्यो भने घरेलु मण्डलीको आराधनाको उद्देश्य हराउँछ ।

भेटीहरु

दिनु पनि हामीले परमेश्वरलाई चढाएको आराधनाको एक भाग हो ।

सानो झुण्डमा भेटीको थाल घुमाउनु राम्रो देखिन्न भने दैलोको मुखैमा एक भेटी बाकस राखिदिनोस् जहाँ मानिसहरु प्रवेश गर्दा अथवा निस्केर जाँदा आफ्ना दशांस अनि भेटीहरु हालिराख्न सक्छन् ।

दशांस र बजेटको निम्ति हेर्नोस्: पाष्टरीय तालीम पुस्तिका ३ "खुशीसाथ दिने व्यक्ति"

नयाँ घरेलु मण्डली शुरु भएको बेलादेखि नै दशांस र भेटीहरु दिन थाल्नु राम्रो हो । यदि मानिसहरुले दिइराखेका छैनन् भने उनीहरुले खीष्टको आधारभूत आज्ञा उल्लङ्घन गरिरहेका छन् । उनीहरुको आराधना र चेलापन अधूरो भएको हुन्छ

परमेश्वरको वचन
अध्ययन र प्रयोग

आराधना सेवाको सबै तत्त्वहरु परमेश्वरको वचनमा आधारित छन्, चाहे मनन अनि शिक्षाको निम्ति होस् अथवा मानिसहरुलाई आराधनाको निम्ति आव्हान गर्न, परमेश्वरको प्रशंसा गर्न, पापक्षमाको निश्चयता दिन अनि प्रभुभोज मनाउन ।

सानो झुण्डमा पुल्पिटबाट मुखाग्र रुपमा सन्देश प्रचार गर्न अबुद्धिमानी ठहर्छ । यहाँ त कसरी हुन्छ हरेकले भाग लिन सक्ने गरी, जस्तै बाइबलको कथाहरु भन्न लाएर, प्रश्नहरु गरेर अथवा प्रोत्साहित गरेर परमेश्वरको वचन सिकाइनु पर्दछ ।

बाइबलको खण्ड पढ्नोस् अनि प्रश्नहरु सोध्नोस् । झुण्डका सबैले एकै चोटि अथवा पालैसँग पदहरु पढ्न सक्छन् । यदि कसैले पढ्न सक्दैन भने, उनीहरुले पढ्ने व्यक्ति पछि पछि दोहोऱ्याउन सक्छन् ।

मानिसहरुलाई खास सत्य बुझ्न सहयोग पुग्ने प्रकारका प्रश्नहरु गर्नोस् । नानीहरुको लागि सरल प्रश्नहरु गर्नोस् । हरेकले नै छलफलमा भाग लिऊन् (तर शरम मान्नेहरु अथवा नयाँ आएकाहरु तयारी नभईकन उनीहरुलाई कर नलाउनोस्)। परमेश्वरको वचन उनीहरुको जीवनमा प्रयोग गर्ने योजना बनाउन सबैलाई सहयोग गर्नोस् ।

झुण्ड बाइबल अध्ययनको निम्ति एक सरल तरिका

पद्यांशलाई व्याख्या गरिदिनोस्, पढिदिनोस्, अनि परमेश्वरको वचन बुझ्न र प्रयोगमा ल्याउन सहयोग गर्न निम्न प्रश्नहरु गर्नोस् ।

- "पद्यांशले के भन्छ ?"

  सभाको अघि, विषय-वस्तुको प्रमुख तत्त्वसित सम्बन्ध र ाख्ने पदहरुलाई रेखाङ्कित गर्नोस् ।

  आवश्यक परेमा भन्नोस्, "विषय-वस्तुबारे पद ३ मा केही पाउनु हुन्छ कि?" (साधारणतया, मानिसहरुलाई संलग्न गराउनको निम्ति यति भए पर्याप्त हुन्छ ।)

- “के यस पद्यांशमा हामीले पालन गर्नुपर्ने कुनै आज्ञा छ कि ?”

- “के यहाँ हामीले अनुकरण गर्नु मिल्ने कुनै उदाहरण छ कि ?”

- “के यहाँ हामीले पन्छाउनु पर्ने कुनै कुरो छ कि ?”

- “के यहाँ हामीले दाबी गर्नु मिल्ने कुनै प्रतिज्ञा छ कि ?”

- “हामीले जे सिकेका छौं, त्यसलाई कसरी अभ्यास गर्ने ?”

झुण्डमा बाइबल अध्ययनको निम्ति पद्यांशहरु

तलका पद्यांशहरु यस्तै प्रकारका शिक्षा सम्बन्धी उदाहरणहरु हुन् । (यदि तपाईको झुण्डको निम्त अति लामो भए, अगुवाले अघिबाटै अध्ययन गरेर मुख्य भागहरु पढ्नको निम्ति छानेको हुनुपर्छ ।)

सृष्टि

उत्पत्ति १:१ देखि २:४

एफिसी २:६-१०

प्रकाश २१:१-५

पाप

उत्पत्ति ३:१-१९

रोमी ५:१२-१९

प्रकाश २२:१-१५

न्याय

उत्पत्ति ६:५-७, ७:७-१३, १७-२२, ८:१-५ अनि १८-२०

मत्ती २४:३७-४१

प्रकाश २०:११-१५

अब्राहामको विश्वास

उत्पत्ति १२:१-३, १७:१-८

गलाती ३:६-९, १३-१७

परमेश्वरले अब्राहामलाई जाँच्नुहुन्छ

उत्पत्ति २२:१-१८

मत्ती ४:१-११

१ पत्रुस १:६-९

येशूको दुलही मण्डली

एफिसी ५:२२-३३

प्रकाश २१:१-४

परमेश्वरको अनन्त अस्तित्व

प्रस्थान ३:१-१७

यूहन्ना ८:४८-५९

यूहन्ना ११:२१-२७

मुक्ति

प्रस्थान ११:१, १२:१-८, १३:२१-२४, २९-३३

प्रस्थान १४:५,६, १९-२७, १५:१-५

यूहन्ना १:३५,३६

पुरानो करारको व्यवस्था

प्रस्थान १९:१६, २०:२०

रोमी ७:१-६

रोमी ८:१-४

हाम्रा प्रधान पूजाहारी

लेवी ८:१२,१३, ९:८-१५, २२-२४

लेवी १०:१-७, १६:१-३, १५-१९

हिब्रू ९:११-१४

पित्तले सर्प

गन्ती २१:४-९

यूहन्ना ३:१-१६

इसाइहरुको निम्ति इनाम र सजायहरु

१ कोरन्थी ३:११-१५

प्रकाश ७:९-१७

(खीष्टको न्याय आसनको निम्ति पुरानो करारबाट नमूना, हेर्नोस् गन्ती ३१:१-१२ र २१-२४)

प्रभु येशूलाई दोष्याउने न्यायालय

मर्कूस १४:४३-७२

क्रूसीकरण

मर्कूस १५

पुनरुत्थान

लूका २४

स्वर्गारोहण

यूहन्ना १४, प्रेरित १:१-११



प्रभुभोज मनाऔं

मण्डली इतिहासभरि नै, प्रभुभोज चाहिँ इसाई आराधनाको केन्द्र विन्दु बनेर रहेको छ ।

कतिपय नयाँ घरेलु मण्डलीहरुले मानिसहरुलाई गम्भीर र आदरणीय आराधनामा डोऱ्याउन प्रभुभोजले खेल्न सक्नुहुने र हष्यात्मक र नाटकीय कुराको निम्ति पवित्र आत्मालाई काम गर्नै दिएनन् । प्रभुभोजले घरेलु आराधनामा मौलिकता ल्याउँछ ।

तपाईको मण्डली अथवा डिनोमिनेशनको चलनअनुसार सम्भव भएसम्म प्रभुको यस प्रमुख आज्ञालाई पालन गर्ने प्रयास गर्नोस् ।

मण्डली नयाँ होला र थोरै सदस्यहरु होलान् । प्रभुभोज पालन गर्दा उनीहरु खीष्टको देहका हुन् भनेर निश्चित हुँदछन् अनि गम्भीरतापूर्वक आराधना गर्ने साँचो मण्डली बन्दछ ।

रोटीको निम्ति प्रार्थना गर्दा, हाम्रो लागि ख्रीष्ट बलिदान हुनुभएको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । तब येशूका शब्दहरु उद्धृत गर्नोस्: *"यो मेरो शरीर हो..."*

कचौराको निम्ति प्रार्थना गर्दा, हाम्रो पापको लागि प्रभु येशूले नयाँ करारको रगत बहाउनुभएको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । तब येशूका शब्दहरु उद्धृत गर्नोस्: *"यो मेरो रगत हो..."*

प्रभुभोजका थोकहरुलाई आशिष माग्नको निम्ति हामीले विभिन्न भागहरुबाट पाठ गर्नसक्छौं:

- रोटीको निम्ति मत्ती २६:२६ अनि दाखरसको निम्ति २६:२७,२८

- रोटीको निम्ति लूका २२:१९ अनि दाखरसको निम्ति २२:२०

- रोटीको निम्ति मर्कूस १४:२२ अनि दाखरसको निम्ति २३,२४

- रोटीको निम्ति १ कोरन्थी ११:२३,२४ अनि दाखरसको निम्ति २५

प्रभुभोजको निम्ति मण्डलीहरुमा विभिन्न तरिकाहरु छन् । प्रेरितहरुले "दाखमद्य" चलाएको भए तापनि, आज धेरैले अंगुर को रस अथवा त्यस क्षेत्रमा प्राप्य अन्य मद्यरहित पिउने थोकहरु चलाउँछन् ।

चेला बनाउने अनि संगति

चेला बनाउने

चेला बनाउनको निम्ति समय मिलाउनोस् । आराधनाको समयमा, वा त्योभन्दा अघि अथवा पछि, अथवा साताभरि घर घरैमा यो काम गर्ने समय मिलाउन सकिन्छ ॥

जसै नयाँ विश्वासीहरुले इसाई विश्वासको गहिराइ चाल पाउँदै जान्छन् उनीहरुले आफ्ना जीवनमा परमेश्वरको वचन लागु गर्नुपर्दछ, अनि प्रभु येशूको निम्ति सेवकाइ शुरु गर्नुपर्दछ ।

हरेक नयाँ विश्वासीलाई कुनै "चेला बनाउने" व्यक्तिसँग सुम्पिदिनोस् जसले उसलाई येशूका आधारभूत आज्ञाहरु पालन गर्न सिकाउँछ : बप्तिस्मा लेऊ, मानिसहरुलाई व्यावहारिक रुपमा (क्षमा दिएर, आज्ञा पालन गरेर, सहायता र वास्ता पुऱ्याएर, इत्यादि गरेर) प्रेम गर्न सिकाऊ, प्रभुभोजमा भाग लेऊ, देऊ, हरेक दिन प्रार्थना गर, अनि ख्रीष्टको निम्ति साक्षी बन । उसले यस नयाँ व्यक्तिलाई उसमा भएको आत्मिकी वरदान पत्ता लाउन अनि अभ्यास गर्न पनि सिकाउँछ ।

चेला बनाउनु भनेको ख्रीष्टप्रति प्रेमिलो र बलिदानको आज्ञा पालन हो । चेला बनाउनेहरुले झुण्डका अरु सदस्यहरुलाई पनि परमेश्वरको वचन पालन गर्न सिकाउँछ ।

जसै नयाँ चेलाहरु येशूको आज्ञा पालन गर्न अनि सेवकाइमा सहभागी हुन थाल्छन्, उनीहरुको प्रगति नाप्नको लागि चेला बनाउनेहरुले उनीहरुसँग निरन्तर भेटघाट गरिरहनु पर्दछ ।

तपाईको झुण्डमा कसले चाहिँ चेला बनाउनेहरुको भूमिका निभाउन सक्ला ? तिनीहरुको अनि उनीहरुले कसलाई चेला बनाउन इच्छा राख्दछन् तिनीहरुको नाउँ लेख्नोस् ।

संगति

आराधनाको वास्तविक समयभन्दा अघि होस् वा पछि, यो समय उनीहरुसँग भेटेर खुल्लमखुल्ला बातचीत गर्नु हो । एकाअर्कालाई चिन्ने, पारिवारिक खबरहरु आदानप्रदान गर्ने, नयाँ व्यक्तिहरुसँग परिचित हुने अनि उनीहरुको नानीहरुलाई पनि सामेल गराउने कामहरु गर्नोस् ।

मानिसहरुलाई राम्रो संगति दिनको लागि तपाईले मात्र सधैं योजना गरिरहनुपर्दछ भनेर नठान्नोस् । तपाई समय समयमा गर्नको लागि सामाजिक कार्यक्रमहरु (खानाहरु अथवा केही क्रियाकलापहरु) राम्ररी मिलाइदिनुभए हुन्छ । तर यसले हरेक साता तपाई कस्तो हुनुहुन्छ भनेर बातचीत गर्नमा सीमित नपारोस् ।

लाज मान्ने अथवा वास्ता नभएको महसूस गर्ने व्यक्ति थाह गर्नोस् अनि तिनीहरुलाई अरुहरुसँग परिचय गराइदिनोस् जोहरु उनीहरुसँग बातचीत गर्नसकून् ।

नयाँ व्यक्तिहरुलाई उनीहरुको बारेमा, उनीहरुको परिवार, नोकरी, मण्डलीमा आउनुको कारणहरु अनि उनीहरुको योजनाहरुको बारेमा जान्ने प्रयास गर्नोस् । उनीहरुलाई सुनिदिनोस् ।

घरेलु मण्डलीहरुको निम्ति आराधना रुपरेखा : एक सल्लाह

तपाईको घरेलु मण्डलीमा सुचारुरुपमा चलिरहेको कुनै सेवाको रुपरेखा नभएमा यो नमूना पर्न सल्लाह दिइन्छ । रुपरेखामा विभिन्नता आउनु राम्रो हो अनि पवित्र आत्माको अगुवाइप्रति पनि हामी खुल्ला हुनुपर्छ ।

यी ता केवल सल्लाह हुन् । कुनै रुप अप्नाउनोस्, जस्तै आसनहरु (उभिने, घुँडा टेक्ने, इत्यादि), तपाईको आफ्नै स्थितिअनुसार अप्नाउनोस् ।

शुरु गर्नुभन्दा अघि

- नव आगन्तुकलाई स्वागत गर्नोस् अनि उनीहरुलाई न्यानो महसूस गराउनोस् ।
- त्यहाँ भएको हरेकसँग परिचित हुनुहोस् अनि पारिवारिक खबरहरु आदानप्रदान गर्नोस् ।
- हरेक नानीलाई विशेष ध्यान दिनोस् ।

शुरुआत (साधारणतया उभेर । यदि यो सेवा त्यस घरमा पहिलो चोटि हो भने त्यस घरको निम्ति परमेश्वरको आशिष माग्नोस् अनि उहाँको उपस्थितिलाई थाह गर्नोस् ।)

- शुरु गर्ने पद (आराधनाको निम्ति आव्हान)।
- परमेश्वरको उपस्थिति थाह गराउन शुरुको प्रार्थना
- प्रशंसाको निम्ति भजन(हरु)

पाप स्वीकार, क्षमादानको निश्चयता

- पाप स्वीकारको प्रार्थना (धेरै मण्डलीहरुले चूर्णता प्रकट गर्ने आसन मन पराउँछन् जस्तै घुँडा टेक्ने)
- पाप क्षमादानको निश्चयता (परमेश्वरको असीमित अनुग्रह, उहाँको क्षमादानको वरदान अनि येशूमा अनन्त मुक्तिको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्)

प्रशंसा

- प्रशंसा सम्बन्धी भजनहरु अनि बाइबल पठनहरु (उभेर)।
- प्रार्थनाहरु, प्रशंसाका निरन्तर साक्षीहरु

सार्वजनिक साक्षी

- मिलेर विश्वासको सार पढ्नोस् (उभेर)।
- तपाईको जीवन अथवा परिवारमा परमेश्वरले के गरिर हनु भएको छ त्यो गवाही निर्धक्क दिने ।

प्रार्थना

- त्यहाँ उपस्थित भएकाहरु, राष्ट्र, मण्डली, बिरामीहरु, विश्वव्यापी सुसमाचार प्रचार, इत्यादिको निम्ति प्रार्थना गर्नोस् । (घुँडा टेकेर अथवा उभिएर)।

भेटीहरु

- भेटीहरु र दशांसहरु ग्रहण गर्नोस् ।
- भेटीहरु र दशांस परमेश्वरलाई अर्पण गर्ने प्रार्थना ।

परमेश्वरको वचन

- उहाँको वचन बुझ्न र प्रयोग गर्न परमेश्वरको सहायता माग्नोस् ।
- त्यस दिनको निम्ति छानिएको विषय सम्बन्धी बाइबल पठनः छलफल, प्रोत्साहन, अनि पद्यांशमाथि मनन ।
- त्यस दिनको निम्ति छानिएको विषयमा समर्पणको प्रार्थना (उभिएर)।

प्रभुभोज सम्पन्न गर्नु

- रोटी र दाखरसलाई अर्पण गर्नु ।
- रोटी र दाखरस लिनोस् ।
- धन्यवाद अथवा आनन्दमयी प्रशंसाको भजन
- अन्त्याउने प्रार्थना (छोटो)

(त्यसपछि) चेला बनाउने र संगति गर्ने

- सदस्यहरुको सेवकाइको प्रतिवेदन र योजनाहरु

सबैलाई सुहाउँदो समयमा सक्नोस्, कोठा फेरि मिलाइर ाखिदिनोस् अनि घरधनीलाई धन्यवाद भन्नोस् ।

सारांश जाँच

यो अभ्यासद्वारा आराधनाका विशेष प्रमुख भागहरु अनि तिनीहरुको उद्देश्य बुझाउन तपाईलाई सहयोग मिल्नेछ । सठीक उत्तरमा चिन्ह लाउनोस् ।

१. उहाँको भवनका द्वारभित्र धन्यवादसाथ पस, र प्रशंसा गर्दै उहाँको मन्दिरभित्र प्रवेश गर (भजन १००:४) यो केको निम्ति बढी सुहाउँदिलो बन्ला ?

- ☐ शुरुआत
- ☐ प्रार्थना
- ☐ वचन
- ☐ प्रभुभोज

२. मेरो सारा प्राणले परमप्रभुको प्रशंसा गर्नेछ ! (भजन १०३) ले बढी केलाई जोड दिन्छः ण्ज्ञद्द(घज्ञद्द

- ☐ चेलापन र संगति
- ☐ प्रशंसाण्ज्ञद्द
- ☐ प्रार्थना
- ☐ वचन
- ☐ प्रभुभोज

३. *“हे हाम्रा स्वर्गमा हुनुहुने पिता...”* ले बढी कुन कुरालाई जोड दिन्छ:

- ☐ चेलापन र संगति
- ☐ प्रशंसा
- ☐ हामीले कसरी प्रार्थना गर्नुपर्ने त्यसको एक नमूना ।
- ☐ वचन
- ☐ प्रभुभोज

४. म मेरो विद्रोहपनलाई स्वीकार्छु (भजन ५१) ले केलाई जोड दिन्छ ?

- ☐ शुरुआत
- ☐ पाप स्वीकार
- ☐ वचन
- ☐ प्रभुभोज

५. बाइबलको कुनै पदलाई व्याख्या गर्नु आराधनाको कुन भागसित बढी सम्बन्धित हुन्छ ?

- ☐ शुरुआत
- ☐ पाप स्वीकार
- ☐ वचन सिकाउने र प्रयोग गर्ने
- ☐ प्रभुभोज
- ☐ भेटी दिने

६. *"लेओ, खाओ । यो मेरो शरीर हो"* भन्नाले विशेष गरी के बुझिन्छ :

- ☐ चेलापन र संगति
- ☐ प्रशंसा
- ☐ प्रार्थना
- ☐ प्रभुभोज

७. हामी केमा परमेश्वरलाई आफ्नो पैसा अर्पण गर्दछौं:

- ☐ पाप स्वीकार
- ☐ प्रशंसा
- ☐ भेटी दिने
- ☐ चेलापन र संगति

८. सेवाभन्दा अघि वा पछि केको निम्ति समय बिताइन्छ:

- ☐ पाप स्वीकार
- ☐ प्रभुभोज
- ☐ वचन
- ☐ चेलापन र संगति

उत्तरहरु

१. शुरुआत २. प्रशंसा ३. कसरी प्रार्थना गर्नुपर्ने त्यसको नमूना ४. पाप स्वीकार ५. वचन सिकाउने र छलफल गर्ने ६. प्रभुभोज ७. भेटीहरु ८. चेलापन र संगति

९. के तपाईले आराधनाका आठ लक्षणहरु सम्झन सक्नुहुन्छ ? कन्ठस्थबाट लेख्ने प्रयास गर्नोस् अनि तल दिइएको उत्तरसंग जाँच्नोस् ।

उत्तर:

- सुनिश्चित शुरुआत र अन्त ।
- पाप स्वीकार र क्षमादानको निश्चयता
- प्रशंसा
- गवाहीहरु
- प्रार्थना
- भेटीहरु
- परमेश्वरको वचन अध्ययन र प्रयोग
- प्रभुभोज पालन गर्नु (साप्ताहिक नभए पनि, समय मिलाएर निरन्तर)

यीमध्ये कुन चाहिँ तपाईले अझ सुधार्नु पर्ने देखिन्छ ?

_____

घरेलु मण्डलीका असफलताका कारणहरु

तपाईले आफ्नो झुण्डमा सुधार्नु पर्ने कुनै भूल देखिएमा थाह गरिराख्नोस्:

☐ जब घरधनीले तयारीमा धेरै सघाउनु पर्ने भएमा बोझ हुनजान्छ, तब घरेलु मण्डली असफल हुनसक्छ। यस्तो चिन्ताबाट मुक्त पार्न, खाना बनाउने काम नभएको होस् (कुनै विशेष अवसरहरुमा बाहेक)।

☐ जब मानिसहरु मण्डलीको उद्देश्यदेखि बाहिर गएर आफ्नै स्वार्थ पूरा गर्नतिर लाग्छन्, तब घरेलु मण्डली असफल हुनसक्छ। सेवाहरुमा कसैलाई पनि व्यवसाय अथवा राजनीति गर्न अनुमति नदिनुहोस्।

☐ जब अगुवाको श्रीमतीले उसको सेवामा टेवा नपुऱ्याउला, तब घरेलु मण्डली असफल हुनसक्छ। यसले घर र मण्डलीमा तनाव उत्पन्न गराउँछ।

☐ जब अरु मण्डलीहरुसँग सम्पर्कको अभाव हुन्छ, तब घरेलु मण्डली असफल हुनसक्छ। कुनै ठूलो र आनन्दमय उत्सवको निम्ति साना घरेलु मण्डलीहरुले अरु घरेलु मण्डलीहरुसँग सम्पर्क राख्नुपर्छ। यदि

अधिकारीहरुबाट यसमा बन्देज लगाइएको भए, केही इसाईहरुले यस्तो खबर र उत्साहको वचन लिएर छोरी मण्डलीहरुलाई भेट्नु पर्दछ। तपाईले सूचना जारी गर्नु भए पनि हुन्छ। मुख्य कुरो चाहिँ एकाअर्कालाई सहयोग गर्ने घरेलु मण्डलीहरु स्थापित गर्नु हो।

☐ जब मण्डली सधैं मुख्य अगुवाको घरमा जम्मा हुन्छ, तब घरेलु मण्डली असफल हुनसक्छ। तर मुख्य अगुवाको घरमा जम्मा नहुनु नै असल मानिन्छ। यसबाट यो "उसको" मण्डली हो भन्ने आलोचनाबाट बँच्न सहयोग पुग्दछ।

☐ जब मण्डली घरमा अटाउन नसकिने गरी वृद्धि हुन्छ, र अर्को विकल्प हेरिन्न, तब घरेलु मण्डली असफल हुनसक्छ। यस्तो हुँदा कि ठूलो घर हेरेर मण्डली सार्नुपर्‍यो कि त्यस झुण्डलाई दुइ भाग पार्नु पर्‍यो। यो पछिल्लो तरिका अप्नाउनु हो भने तपाईसँग पहिल्यैबाट तालीम प्राप्त अगुवाहरु हुनुपर्‍यो।

☐ जब मण्डली घरमा अटाउन नसकिने गरी वृद्धि हुन्छ, र अर्को विकल्प हेरिन्न, तब घरेलु मण्डली असफल हुनसक्छ। यस्तो हुँदा कि ठूलो घर हेरेर मण्डली सार्नुपर्‍यो कि त्यस झुण्डलाई दुइ भाग पार्नु पर्‍यो। यो पछिल्लो तरिका अप्नाउनु हो भने तपाईसँग पहिल्यैबाट तालीम प्राप्त अगुवाहरु हुनुपर्‍यो।

☐ जब आराधना समयको बेला बाधाहरु आउँछन्, तब घरेलु मण्डली असफल हुनसक्छ। साना नानीहरुको वास्ता गर्नेहरु अनि ढिलो गरी आउनेहरुलाई स्वागत गर्न मानिसहरु छुटचाउनोस्।

☐ जब घरेलु मण्डलीले ठूलो आमा मण्डलीले जस्तै आराधना सेवा गर्ने नकल गर्दछ, तब घरेलु मण्डली असफल हुनसक्छ। त्यहाँ त्यसरी नै धेरै आशिषित भएको होला, तर यहाँ सानो मण्डलीमा त्यो उचित ठहरिन्न। हामीले अनुभवरहित अगुवाहरुबाट यस सानो मण्डलीमा आराधना सेवाको काम गराउनु परेको हुन्छ।

☐ जब तालीम प्राप्त अगुवाहरुको अभाव हुन्छ, तब घरेलु मण्डली असफल हुनसक्छ। हरेक घरेलु मण्डली अगुवाले दुइ वा तीन सहयोगी अगुवाहरु तयार पार्नु पर्छ अनि उनीहरु पूर्ण रुपमा गोठालो नभइञ्जेललाई अलि अलि गर्दै जिम्मेवारीहरु दिँदै जानुपर्छ। तब उनीहरुले आफ्नै झुण्डहरु खडा गर्छन् अनि पहिलो मण्डलीमा चाहिँ सहयोगी पाष्टर (एल्डर) को रुपमा सेवा गर्छन्।

☐ जब अगुवाले इसाईहरुको खाँचोहरु मात्र हेर्दछ, अनि अरुको सेवकाइलाई प्रोत्साहन दिँदैन, तब घरेलु मण्डली असफल हुनसक्छ। कति घरेलु मण्डलीहरु उनीहरुका आत्मिकी वरदान सकारात्मक र व्यावहारिक रुपमा प्रयोग गरेर आफ्ना वरिपरिको समुदायलाई सेवा नपुऱ्याउने तर आफ्नै खाँचोहरु मात्र पूरा गर्ने हुँदा पनि तिनीहरु बढ्न र उत्पादन गर्न नसक्ने हुन्छन्।

☐ जब पाष्टरले सबै कुरामाथि राख्तछ, तब घरेलु मण्डली असफल हुनसक्छ। अगुवाले अरुहरुलाई जिम्मेवारी नदिएर अथवा सेवा चलाउन अवसर नदिएर धेरै घरेलु

मण्डलीहरुको घाँटी निमोठिएको छ। देहको हरेक सदस्यले सेवकाइको लागि परमेश्वरबाट आत्मिकी वर दानहरु पाएका हुन्छन्, अनि तिनलाई प्रयोगमा ल्याउनै पर्छ (रोमी १२:४-१६)।

☐ जब सदस्यहरुले संख्यात्मक रुपमा मानिसहरु बढिरहेको देख्छन्, तर उनीहरुले व्यक्तिगत रुपमा जिम्मेवारी लिन छोड्छन्, केवल बेञ्ची अथवा भुइँ तताउने मात्र बन्दछन् अनि सबै भार पाष्टर र एल्डरहरुलाई छोडिदिन्छन्, तब घरेलु मण्डली असफल हुनसक्छ। हामीले सबै सदस्यहरुलाई उनीहरुका सेवकाइमा बढाउन मदत गर्नुपर्छ। यसरी चाँडै नयाँ अगुवाहरु जन्मन्छन् अनि उनीहरुले छोरी मण्डलीहरु स्थापना गर्न सक्छन्।

☐ जब नानीहरु र जवानहरुलाई साह्रै थोरै ध्यान दिइन्छ, तब घरेलु मण्डली असफल हुनसक्छ। घरेलु मण्डलीले तिनीहरुलाई प्रेम देखाउनैपर्छ अनि आराधनामा भाग लिन उत्साहित पार्नैपर्छ। नानीहरुलाई अलग्गै कोठामा सिकाउने बन्दोबस्त मिलाउनु राम्रो हुन्छ।

☐ जब चेला बनाउने काम हुँदैन, तब घरेलु मण्डली असफल हुनसक्छ। नानीहरु लगायत, हरेक व्यक्तिको निम्ति चेला बनाउने गुरु चाहिन्छ। यो सेवकाइ चेला बनाउने वरदान भएका परिपक्व मानिसहरुलाई दिन सकिन्छ। उदाहरणको लागि, प्रमुख अगुवाले आफ्ना सहयोगीहरु र झुण्डका अरु परिपक्व सदस्यहरुलाई चेला बनाउने काम गर्दछ, जसहरुले अरुहरुलाई चेला बनाउने काम गर्दछन्। चेला बनाउनुको लक्ष्य चाहिँ जवान अनि वृद्ध, सबै सदस्यहरुलाई प्रभुको आज्ञा पालन गर्ने अनि उनीहरुको सेवकाइहरुमा वृद्धि र विकास हुने तुल्याउनु हो।



अभ्यासको काम

- एफिसी ४:७-१६ पढ्नोस् ।

- तपाईको मण्डली वा झुण्डका सदस्यहरु आराधना सेवा अनि अरु सेवकाइहरुमा सहभागी हुनसक्ने गरी कसरी उनीहरुलाई सहायता गर्नुहुन्छ, तपाईका योजनाहरु बनाउनु होस् ।

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

012NP01A-01